# चिशंखुगढी गाउँपालिका

## गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री सन्तोष बाबु थापा ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

**२०७९/०३/१० गते शुक्रबार**

चिशंखुगढी गाउँपालिकाको एघारौं गाउँसभा उद्घाटन समारोहका सभाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत एवम् गाउँसभाकका सदस्य ज्यूहरू,
अतिथि दिर्घामा रहनु भएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू,
प्रधानाध्यापक, शिक्षक महानुभावहरू एवं सम्पूर्ण कर्मचारी मित्रहरू,
स्थानीय उद्योगी, व्यापारी ज्यूहरू तथा विकास साझेदार संस्थाका प्रतिनिधि साथीहरू,
सुरक्षाकर्मी तथा पत्रकार साथीहरू, एवम् उपस्थित महानुभावहरू।

१. सदियौं देखि नेपाल एक स्वाधीन र सार्वभौम सत्ता सम्पन्न मुलुकको रुपमा रही आएको छ। लामो समय सम्मको आम नेपाली जनताको प्रतीक्षा, दश वर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भई हाल हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन पद्धति कार्यान्वयनमा रहेको छ। अहिले हामी संविधानको सर्व स्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं। यो काम जटिल र चुनौती पूर्ण रहेता पनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन।

२. आज म चिशंखुगढी गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट पेश गर्न उपस्थित छु। यस गौरव पूर्ण अवसरमा जनआन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते र बेपत्ता नागरिकहरू प्रति सम्मान प्रकट गर्दछु। राजनीतिक एवं सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरू प्रति आदर भाव प्रकट गर्दछु।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं। संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ। स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ। यो समयलाई आर्थिक सामाजिक रूपान्तरणको अवसरको रुपमा उपयोग गरी जन चाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक वृद्धि र विकास नै हो।



नित्यानन्द शर्मा
अध्यक्ष

४. वि.सं. २०७९ जेठ १५ गतेका दिन संघीय सरकारका अर्थमन्त्रीबाट आ.व. २०७९/८० को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरूलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ। साथै प्रदेश सरकारबाट २०७९ साल असार १ गते वार्षिक बजेट प्रस्तुत भई अनुदान प्राप्त भएको छ। संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट गर्ने तथा कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ।

५. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः नेपालको संविधानमा उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरू, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक ऐन, नियमावलीका प्रावधानहरू, चिशंखुगढी गाउँपालिकाको विकास प्रतिको दीर्घकालीन सोच, आवधिक विकास योजनाको प्रतिवेदन, विकासका समसामयिक मुद्दाहरू, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता मूलक योजना तर्जुमा अनुरूप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरूको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ।

६. कोरोना रोगको संक्रमण जोखिम न्यूनिकरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा अवलम्बन गरिएका कदमबाट प्रभावित भई विगत केही वर्ष देखि थलिएको आर्थिक वृद्धि यो वर्ष ८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। देश विकासको गतिमा द्रुत रुपमा अगाडी लम्की रहेको र यो चिशंखुगढी गाउँपालिका समेत विकासको गतिमा अगाडी बढिरहेको परिप्रेक्ष्यमा पुनः नव निर्वाचित जनप्रतिनिधिको आगमन भएसँगै यस गाउँपालिका र गाउँपालिका वासी जनमानसले अग्रगामी विकासको अनुभूति गर्ने अपेक्षा लिन सकिन्छ। प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका तथा समग्र ओखलढुंगाकै सम्पत्तिको

रुपमा रहेको छ । कृषि, औषधी जन्य जडीबुटीहरू, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको चिशंखुगढी गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा अगाडी बढ्न सकिरहेको छैन । यद्यपी उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामूहिक इच्छा शक्तिका साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरूको काँधमा आएको छ । त्यसैले विकसित र समृद्ध चिशंखुगढी गाउँपालिका निर्माण गर्न हामीलाई कुनै बहानाले छेक्नु हुँदैन । यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घर दैलोमा पुर्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतीको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।

७. हाम्रा सामु विभिन्न चुनौतीहरू रहेको भएता पनि विद्यमान अवसरहरूको सदुपयोग र चुनौतीहरूको सामना गर्ने गरी आगामी आर्थिक वर्ष ०७९/०८० को बजेट तयार गरेको छु । यस बजेटका उद्देश्यहरू यस प्रकार प्रस्तुत गरेको छु:

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
- विकासका पूर्वाधारहरुको विकास गर्ने,
- फोहोरमैला ब्यवस्थापन तथा वातावरण संरक्षण गर्ने,
- दिगो शान्ति, सुशासन, समावेशी विकास र समृद्धि हासिल गर्ने,
- राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

अध्यक्ष

८. यी उदेश्यहरू हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरू देहायबमोजिम निर्धारण गरिएको छ :

- संघीयता कार्यान्वयन,
- दिगो पूर्वाधारको विकास,
- सामाजिक तथा आर्थिक विकास,
- कृषिको आधुनिकीकरण र व्यवसायी करण,
- रोजगारीका अवसरहरूमा वृद्धि,
- सहभागिता मूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- बैंक तथा वित्तीय संस्थाहरूको स्थापना र व्यवस्थित सञ्चालन,
- वन, वातावरण तथा जलाधार संरक्षण,
- अत्यावश्यक उपभोग्य वस्तुहरूको सुदृढ आपूर्ति र वितरण प्रणाली,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार।

**सभाध्यक्ष ज्यू,**

९. अब म यीनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु। अनुमानित आय तर्फ संघबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. ८ करोड ७८ लाख, प्रदेशबाट वित्तीय समानीकरण तर्फको अनुदान रू. ४५ लाख ४८ हजार, संघबाट प्राप्त हुने राजस्व बाँडफाँट रू. ७ करोड ३९ लाख ५६ हजार, प्रदेश बाट प्राप्त हुने सवारी करको बाँडफाँट रू. २१ लाख ८४ हजार १ सय ५०, संघीय सरकारबाट प्राप्त हुने सर्शत अनुदान रू. २१ करोड ९२ लाख, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. ४६ लाख २१ हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रू. १ करोड ५० लाख, संघीय



अध्यक्ष

सरकारबाट प्राप्त हुने समपूरक अनुदान ४५ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रू.१ करोड र आन्तरिक आम्दानीको अनुमानित प्रक्षेपण रू २५ लाख गरी कुल जम्मा बजेट रू.४२ करोड ४३ लाख ९ हजार १ सय ५० हुने अनुमान गरेको छु। सामाजिक सुरक्षा कार्यक्रम, आ.व. २०७८/०७९ मा बचत हुने बजेट र अन्य निकायबाट प्राप्त हुने अनुदान यो बजेटमा समावेश गरिएको छैन।

**सभाध्यक्ष ज्यू,**

आ.व. ०७९।०८० को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालूतर्फ रू. २७ करोड ६२ लाख ५ हजार १ सय ५० र पुँजीगत तर्फ रू. १४ करोड ८१ लाख ४ हजार गरी जम्मा बजेट रू. ४२ करोड ४३ लाख ९ हजार १ सय ५० विनियोजन गरेको छु । जस मध्ये चालू खर्च तर्फ कुल बजेटको ६५ प्रतिशत र पुँजीगत खर्च तर्फ ३५ प्रतिशत रहेको छ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम रू. २१ करोड ९२ लाख निर्देशित योजना तथा कार्यक्रमहरूमा नै विनियोजन भएको छ। गाँउपालिका तथा वडाहरूका सम्पूर्ण चालु खर्च, लक्षित कार्यक्रम, शिक्षा, स्वास्थ्य तथा अन्य विषयगत शाखाको कार्यक्रम, अन्य विभिन्न कार्यक्रमहरू, स्वयंसेविका प्रोत्साहन, प्रकोप तथा आकस्मिक सहायता, न्यायिक समिति कार्यक्रम संचालन सहित विविध योजना तथा कार्यक्रमहरू समेत समावेश गरिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो।

**सभाध्यक्ष ज्यू,**

१०. चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाको प्रतिवेदनलाई मूल आधार बनाई कुल विनियोजित बजेट मध्ये चालु खर्चबाट व्यहोर्ने गरी वडा कार्यालयहरूको लागि प्रत्येक वडामा वार्षिक रू. ७ लाख ८ हजारका दरले रू.५६ लाख ६४ हजार विनियोजन गरेको छु। त्यसैगरी चालु खर्च अन्तर्गत गाउँपालिका कार्यालय एवं विषयगत शाखाको लागि रू. ७ करोड ४ लाख ६१ हजार १ सय ५० विनियोजन गरेको छु। महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन भत्ताका लागि रू. १५ लाख, खेलकुद कार्यक्रम, न्यायीक समिति कार्यक्रम, भैपरी आउने आकस्मिक कोष, विभिन्न वडा स्तरीय कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। पुँजीगत तर्फ वडा नम्बर ५ को प्रशासनिक कामकारबाहीलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि एवं वडा

कार्यालयको भौतिक पक्षलाई सुदृढीकरण गर्दै अगाडि बढ्न वडा नम्बर ५ को वडा कार्यालय भवन निर्माणका लागि रु. ४५ लाख, कालीमाटी सेर्ना खानिभञ्ज्याङ्ग सडक स्तरउन्नतीको लागि रु. १ करोड ४५ लाख ४८ हजार, कुइभीर नेचा सडक निर्माणको लागि रु. ९० लाख, गाउँपालिका अन्तर्गतका क्षेत्रीय सडक मर्मत संहारको लागि रु. २४ लाख बजेट विनियोजन गरेको छ। विभिन्न कारणले पछाडि परेका एवं पारिएका वर्गको उत्थानको लागि गरिब तथा सिमान्तकृत नागरिकहरूलाई लक्षित गरी सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत रु.९० लाख विनियोजन गरेको छ। राजस्व प्रणालीलाई सुदृढीकरण गरी आन्तरिक राजश्व प्रणाली मजबुत बनाउनको लागि राजश्व सम्बन्धी सफ्टवेयर खरिद गर्न रु. १० लाख विनियोजन गरेको छ। त्यस्तै गरी आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवा विकास कार्यक्रमका लागि रु.३९ लाख ५० हजार विनियोजन गरेको छ। नेपालको संविधानको धारा ३५ मा उल्लिखित नागरिकको स्वास्थ्य सम्बन्धीको मौलिक हकको प्रत्याभूति गराई आम नागरिकको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखि स्वास्थ्य क्षेत्रमा रु. १५ लाख विनियोजन गरेको छ। विभिन्न महामारी तथा वातावरणीय रुपमा उत्पन्न हुने प्रतिकूल परिस्थितिको सामना गर्नका लागि राहत, उद्धार, पुनर्स्थापना तथा प्रतिकार्यका लागि विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छ। संघीय सरकार, प्रदेश सरकार र हाम्रो गाउँपालिकाको लागत सहभागिता एवं साझेदारीमा विकास निर्माणका कार्यहरूलाई अगाडि बढाउन समपूरक कोषका लागि रु. ९० लाख विनियोजन गरेको छ। त्यस्तै गरी साना सिंचाई कार्यक्रममा विकास साझेदार संस्था र हाम्रो गाउँपालिका बीचमा भएको सम्झौता बमोजिम गाउँपालिकाले बेहोर्ने लागत साझेदारीका लागि रु. ४० लाख विनियोजन गरेको छ। नागरिकले सर्व सुलभ रुपमा निःशुल्क औषधीको उपभोग गर्न पाउनु पर्ने कुरालाई मध्यनजर गर्दै औषधी खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छ। त्यसै गरी साझेदारी योजनाहरू तथा संघीय सरकार र प्रदेश सरकार सँग माग गर्नु पर्ने योजनाको विस्तृत परियोजना प्रतिवेदन परामर्श सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छ। खानेपानी पुनर्स्थापना कार्यक्रमको लागि रू.१० लाख सहित विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गरेको छ। साथै ८ वटा वडाहरूमा पुँजीगत खर्चको कूल सिमा रू.२ करोड ७३ लाख विनियोजन गरेको छ। सशर्त अनुदानबाट लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रू.३०



निरञ्जन शर्मा
अध्यक्ष

लाख, अर्गेली खोला, वेलवोटे, दुधकोशी नदी, ठोट्ने खोला झोलुङ्गे पुल क्रमागत रुपमा निर्माणको लागि यो वर्ष रू. २१ लाख, रोजगारीको हकलाई ध्यानमा राखि १०० दिनको रोजगारी सुनिश्चित गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु. ८० लाख, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण कार्यक्रम सञ्चालन गर्नको लागि रू.१० लाख, साना सिँचाई कार्यक्रम तर्फ रु. १ करोड निर्देशित योजना तथा कार्यक्रम मानै खर्च हुने गरी विनियोजन भएको छ । गाउँपालिकाको कार्यालय व्यवस्थापन तथा मर्मत संहारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ । नमुना गाउँपालिकाहरुमा अध्ययन तथा अवलोकन भ्रमण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास लगायतका कार्यहरू गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ । शिक्षा क्षेत्रको गुणस्तर सुधार गर्न शिक्षा क्षेत्रमा रु ३३ लाख विनियोजन गरेको छ । आङ खस्ने रोग निवारण सम्बन्धी सचेतना कार्यक्रम तथा उक्त रोगको निःशुल्क उपचार, कोशेली भेट कार्यक्रम तथा बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ । निजामती सेवामा यस पालिकाबाट थप प्रतिनिधित्व होस् भन्ने हेतुले लोकसेवा पूर्व तयारी कक्षा संचालनको लागि रु. ७ लाख बजेट विनियोजन गरेको छ । महिला सक्षमता र नेतृत्व क्षमता अभिवृद्धि गर्न, लैङ्गिक हिंसा निवारण सम्बन्धी कार्यक्रम गर्न, दलित समुदायमा सचेतना अभिवृद्धि गर्न, मदिरा जन्य दुर्व्यसनी नियन्त्रण गर्न तथा धर्म संस्कृति तथा कलाको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ । त्यसैगरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न, भूक्षय नियन्त्रण गर्न तथा राहत उद्धार र पुन स्थापना कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ । कृषि प्रणालीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी यस गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि आकस्मिक रोग तथा किरा नियन्त्रण गर्न, उपभोक्ता हित कार्यक्रम संचालन गर्न, अनुदानमा कृषि सामग्री वितरण गर्न र बाली संरक्षण तथा बीमा कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ । यसरी आगामी आ.व. २०७९/८० मा स्रोत सुनिश्चितता सहित विकास बजेटलाई जोड दिइएको छ ।

**सभाध्यक्ष ज्यू,**

निशान्त शर्मा
अध्यक्ष

आ.व. ०७९।८० मा कार्यान्वयन गरिने समानीकरण अनुदानबाट सञ्चालन हुने क्रमागत योजना तथा कार्यक्रमहरू सहित विषय क्षेत्रगत बजेट अन्तर्गत पूर्वाधार विकासमा रु. ५ करोड ९८ लाख ४८ हजार, सामाजिक विकासमा रु. १ करोड ५१ लाख , आर्थिक विकासमा रु. ४४ लाख ५० हजार, वातावरण तथा विपद् व्यवस्थापनमा रु. ६३ लाख ५० हजार र संस्थागत विकास तथा सेवा प्रवाहमा रु. ९१ लाख गरी कुल रु. ९ करोड ४८ लाख ४८ हजार विनियोजन गरेको छु ।

११. आगामी आर्थिक वर्ष ०७९/०८० का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू.८ करोड ७८ लाख, प्रदेश वाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रू.४५ लाख ४८ हजार, संघीय सरकारबाट प्राप्त हुने राजस्व वाँडफाड रू.७ करोड ३९ लाख ५६ हजार, प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन करको बाँडफाँड रू.२१ लाख ८४ हजार १ सय ५०, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ४६ लाख २१ हजार, संघीय सरकारबाट प्राप्त हुने शर्शत अनुदान रू. २१ करोड ९२ लाख, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. १ करोड ५० लाख, संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान रु ४५ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रु. १ करोड तथा आन्तरिक आम्दानी रु. २५ लाख मध्येबाट व्यहोरिने छ। साथै आगामी आ.व.२०७९।०८० मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमान सुनिश्चित भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाम मुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने तथा गाउँपालिकाको आ व २०७९।०८० को नीति तथा कार्यक्रमले तोकेका विषयहरूलाई सम्बोधन गर्ने गरी विगतको परम्परालाई तोड्दै आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु।

**सभाध्यक्षज्यू,**

१२. पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस चिशंखुगढी गाउँपालिकामा आर्थिक गतिविधि ले अपेक्षित गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. २५ लाख कर राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी

आर्थिकं गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचना मूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व प्रणालीलाई प्रविधि मैत्री बनाइ राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

१३. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यहरू तथा वडा समितिहरू, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरू, राजनैतिक दलका साथीहरू, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरू लगायत सम्पूर्ण चिशंखुगढी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदी बहिनी, दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४. अन्त्यमा, यस चिशंखुगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने चिशंखुगढी गाउँपालिकाका नागरीक, करदाता, चिशंखुगढी गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

१५. बजेटले समेट्नुपर्ने विषय क्षेत्रहरू अनेकन् छन्, सबै समस्याहरूको एकसाथ सम्बोधन सम्भव छैन र हुँदैन पनि । समस्या तथा मागहरूको प्राथमिकताको आधारमा क्रमशः सम्बोधन गर्नुको विकल्प छैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरूको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि सकारात्मक सोचका साथ आशावादी बनौं ।

धन्यवाद ।

सन्तोष बाबु थापा

उपाध्यक्ष

चिशंखुगढी गाउँपालिका